मिति २०८०/०१/०६

सम्माननीय प्रधानमन्त्रीज्यू,
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सिंहदरबार, काठमाडौं ।
**मार्फत,**
श्रीमान प्रमुख जिल्ला अधिकारीज्यू,
जिल्ला प्रशासन कार्यालय,
हुम्ला ।

**विषय : संयुक्त ज्ञापन-पत्र ।**

सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै सार्वजनिक सेवामा जनताको सहज र समान पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने राज्यको उद्देश्य प्राप्तिका लागि राष्ट्रसेवक कर्मचारीहरुको भूमिका अहम् रहेको हुन्छ । नेपालको संविधान जारी भई देश संघीय संरचनामा गएको लामो समयसम्म पनि संघीय शासन प्रणालीको कार्यान्वयनको लागि संघ, प्रदेश तथा स्थानीय तहको कर्मचारी प्रशासन व्यवस्थापन एवं मार्गदर्शन गर्ने छाता कानूनको रुपमा रहेको संघीय निजामती सेवा ऐन जारी नहुँदा मुलुकको सार्वजनिक प्रशासन अन्योल र अस्थिरताको भुमरीमा परेको छ । राज्यको प्रत्यक्ष उपस्थित जनाउने क्षेत्र निजामती सेवालाई व्यवस्थापन गर्ने विषय सरकारको प्राथमिकतामा नपर्नु गम्भिर चिन्ताको विषय हो । यस विषयमा राष्ट्रियस्तरका ट्रेड युनियनले नेपाल सरकार र सरोकारवाला निकायलाई पटक पटक ध्यानाकर्षण गराउँदै आएका छौं ।

समग्र कर्मचारीको साझा हित र निजामती प्रशासनको मार्गदर्शनको रुपमा रहेको ऐन निर्माणको प्रक्रियामा सरोकारवाला पक्षहरुको अर्थपूर्ण सहभागिता अपरिहार्य रहेकोले यस्ता विषयमा सम्बन्धित पक्षहरुसँग सघन छलफल गर्नु आवश्यकताको विषय हो । सो कार्यलाई मनन गर्दै नेपाल सरकारले सरोकारवाला पक्षहरुको सहमतिमा निजामती प्रशासनलाई संघीय शासन अनुरुपको ढाँचामा व्यवस्थित गरी जनताको सेवा प्रवाहलाई चुस्त, दुरुस्त, प्रभावकारी, पारदर्शी एवं नागरिकमैत्री गराउने कार्यमा सहयोग पुग्ने गरी ऐन जारी गर्नु पर्नेमा नेपाल सरकारले सरोकारवाला पक्षसँग छलफलनै नगरी संघीय निजामती सेवा ऐनको विधेयक सहमतीको लागि अर्थ मन्त्रालय र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाएको भन्ने व्यहोरा जानकारीमा आएकोले यो विषयमा राष्ट्रियस्तरका ट्रेड युनियनहरुको गम्भिर ध्यानाकर्षण भएको छ । राष्ट्रियस्तरका ट्रेड युनियनबाट तपसिलमा उल्लेखित सुझावहरुलाई समेटी मिति २०८० वैशाख १८ गते भित्र संघीय निजामती सेवा ऐनको मस्यौदा सार्वजनिक गर्न संयुक्त ट्रेड युनियनको तर्फबाट नेपाल सरकार समक्ष जोडदार माग गर्दछौं । साथै सो अवधिसम्म पनी राष्ट्रियस्तरका ट्रेड युनियनहरुलाई वार्ता, संवाद र छलफलमा नबोलाइएमा, संघीय निजामती सेवा ऐनको मस्यौदा सार्वजनिक नगरेमा आन्दोलनका कार्यक्रमहरुलाई अघि बढाइने व्यहोरा समेत जानकारी गराउँदछौं ।

## मागहरु

१. परिभाषा

- "निजामती कर्मचारी" भन्नाले संघ, प्रदेश र स्थानिय तहमा कार्यरत सबै सेवा समूहका कर्मचारीलाई जनाउने छ भनि परिभाषामा समावेश गर्ने।
- राष्ट्रिय स्तरका ट्रेड युनियन र आधिकारिक ट्रेड युनियनको व्यवस्था परिभाषामा समावेश गर्नुपर्ने ।

२. संघीय निजामती सेवामा तहगत प्रणाली लागू गर्ने

- संघीय निजामती सेवामा हाल भएको श्रेणीगत व्यवस्थालाई तहगत प्रणालीमा रुपान्तरण गर्ने ।
- श्रेणीमा नियुक्त भएका कर्मचारीहरुको तह मिलान गर्दा हालको श्रेणीमा नोकरी अवधि ५ वर्ष वढी नोकरी अवधी भएका हकमा १ तह र १० वर्ष वा सो भन्दा वढी नोकरी अवधी भएका कर्मचारीको हकमा २

Scanned with CamScanner

तह वृद्धि गर्ने । साविक बमोजिमको पदमा काम गरेको सेवा अवधि गणना गरी प्रदेश र स्थानिय तहमा संघीय कानून बमोजिम समायोजन भएका कर्मचारीको हकमा समेत लागू हुनेछ ।

- संघीय कानून बमोजिम समायोजन हुदाका वखत तह वृद्धि नपाएका कर्मचारीहरुको हकमा यसै ऐन वमोजिम तह वृद्धि गरिने व्यवस्था गर्ने ।

३. संघीय निजामती सेवामा पदपूर्ति

- संघीय निजामती सेवामा तह वा श्रेणीमा मात्र पदपूर्ति गर्ने व्यवस्थालाई अवलम्बन गर्ने ।
- खरिदार/चौथो तहमा वा सो पदमा ७० प्रतिशत खुला, २० प्रतिशत आन्तरिक र १० प्रतिशत वढुवावाट पदपूर्ति गर्ने।
- संघीय निजामती सेवा, प्रदेश निजामती सेवा र स्थानीय सेवाको शाखा अधिकृत/सातौं तह वा सो सरहको पदमा ५0 प्रतिशत खुला, 10 प्रतिशत आन्तरिक/अन्तरतह र 40 प्रतिशत वढुवावाट पदपूर्ति गर्ने व्यवस्था गर्ने ।
- उपसचिव/नवौं तह वा सो सरहको पदमा 10 प्रतिशत खुला, 20 प्रतिशत अन्तरतह/आन्तरिक र बाँकी ७० प्रतिशत वढुवाद्वारा पदपूर्ति गर्ने व्यवस्था गर्ने ।
- सहसचिव/एघारौं तह वा सो सरहको पदमा १० प्रतिशत अन्तरतह प्रतिस्पर्धावाट र ९० प्रतिशत वढुवाद्वारा पदपूर्ति गर्ने व्यवस्था गर्ने ।
- उपसचिव/नवौं तहमा खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गरिने पदका लागि सम्वन्धित विषयमा स्नातकोत्तर उपाधि हासिल गरेका संघीय निजामती सेवा/प्रदेश र स्थानीय सेवाका सहायकस्तरको पदमा कम्तीमा ७ वर्ष काम गरेका कर्मचारीले समेत प्रतिस्पर्धा गर्न पाउने व्यवस्था गर्ने ।
- अन्य सेवामा अन्तर तह प्रतिस्पर्धावाट पदपूर्तिका लागि छुट्टायाएको प्रतिशत न्याय सेवा, लेखापरिक्षण र परराष्ट्र सेवाको नवौं तहमा आन्तरिक प्रतिस्पर्धावाट पूर्ति गर्ने ।
- निजामती सेवाको पदमा वहाल रहेको कर्मचारीले लोक सेवा आयोगद्वारा विज्ञापन भएको माथिल्लो श्रेणीको पदमा उम्मेद्वार भई उतिर्ण भई साविकको पदको सेवा अवधिलाई निरन्तरता दिन चाहेमा पदोन्नती भए सरह मानी तोकिए बमोजिमको ढाँचामा रमाना भई नियुक्त भएको कार्यालयमा हाजिर हुन पठाउने व्यवस्था गर्ने ।
- अस्थायी, ज्यालादारी र करारमा कार्यरत रहेका र तोकिए वमोजिमको शैक्षिक योग्यता भएको कर्मचारीलाई एक पटकको लागि उमेरको हद नलाग्ने गरी लोक सेवा आयोगको सिमित आन्तरिक प्रतियोगिताको माध्यमबाट स्थायी गर्ने व्यवस्था गर्ने र उक्त प्रक्रियावाट स्थायी हुन नसकेका कर्मचारीलाई सेवा अवधिको आधारमा उपयुक्त सेवा सुविधा प्रदान गरी अवकाश दिने व्यवस्था गर्ने।

४. सेवा अवधि

- मुख्य सचिव/पन्ध्रौं तहको २ वर्ष, सचिवको ३ वर्ष, सहसचिवको 12 वर्ष कायम गर्ने । यो व्यवस्था यो ऐन लागू भएपछि नियुक्त हुने कर्मचारीको हकमा लागू हुनेछ ।
- विशिष्ट श्रेणी वा तेह्रौ तहको पदमा वढुवा नियुक्त हुनको लागि ५० वर्ष, सहसचिव वा एघारौ तहमा वढुवा/अन्तरतह प्रतिस्पर्धावाट नियुक्त हुन ४२ वर्ष, उपसचिव वा नवौं तहको पदमा नियुक्त हुन ३२ वर्ष र शाखा अधिकृत वा सातौ तहको पदमा नियुक्त हुन २१ वर्ष र सहायक स्तरको पदमा नियुक्त हुन १८ वर्ष उमेर पूरा भएको हुनुपर्ने गरी उमेर हद तोक्ने ।

५. अनिवार्य अवकाश

- कर्मचारीको अनिवार्य अवकाशको उमेर 60 वर्ष कायम गर्ने ।

६. वढुवा

Scanned with CamScanner

- सबै सेवा समूहका कर्मचारीहरुको समान समयमा बढुवा हुने गरी दरबन्दी संरचना निर्माण गर्नुपर्ने ।
- समायोजनका माध्यमबाट प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीहरुले समायोजन भएको निकायमा बढुवा नपाएसम्म संघीय निजामती सेवामा बढुवा हुन पाउने व्यवस्था कायम गर्नुपर्ने ।
- बढुवाको योग्यता निर्धारण गर्दा एक तह मुनिको सेवा प्रवेश गर्दाको बखतको न्यूनतम शैक्षिक योग्यता र न्यूनतम सेवा अवधिलाई आधार मान्ने व्यवस्था गर्नुपर्ने ।
- एउटै पदमा निरन्तर १० वर्ष सेवा अवधि पूरा भएको र न्यूनतम शैक्षिक योग्यता पुगेको कर्मचारी बढुवा हुने व्यवस्था सुनिश्चित गर्नुपर्ने ।
- बढुवा उजुरीमा लाग्ने म्याद घटाएर १५ दिन कायम गर्ने ।
- "क" वा "ख" वर्गको भौगोलिक क्षेत्रमा कम्तीमा एक वर्ष काम गरे पश्चात मात्र बढुवाको उम्मेदवार हुन पाउने व्यवस्था गर्ने तर सो भौगोलिक क्षेत्रमा त्यस्तो दरबन्दी नभएको कर्मचारीको हकमा तोकिए बमोजिम हुने ।
- संघीय कानून बमोजिम प्रदेश र स्थानिय तहमा समायोजन भएको कर्मचारी संघीय निजामती सेवाको पदमा बढुवाको लागि योग्य हुने व्यवस्था कायम गर्ने ।

७. कार्य सम्पादन मूल्याङ्कन

- निजामती कर्मचारीहरुले आफुले सम्पादन गर्नुपर्ने कामको लागि कार्य सम्पादन सम्झौता गरेर मात्र काम गर्नुपर्दछ।
- कार्य सम्पादन मूल्याङ्कन दुई तहबाट मात्र मूल्याङ्कन गर्ने व्यवस्था कायम गर्नुपर्ने ।
- श्रेणी, तह एवं सेवा समूह अनुसार फरक फरक सूचक सहितको कार्यसम्पादन मूल्याङ्कन गर्ने ।
- कार्यविवरणलाई आवद्ध गर्ने र काम गरेको आधारमा कार्य सम्पादन मूल्याङ्कनको अंक प्रदान गर्नुपर्ने।
- वार्षिक ४(त्रैमासिक) पटक मूल्याङ्कन गरी अङ्क दिने ।
- कार्यसम्पादन मूल्याङ्कन प्रणालीलाई अनलाईन गर्ने ।
- मूल्याङ्कनमा तल्लो तहका कर्मचारीको समेत सामान्य प्रयोग गर्ने ।
- कार्य विवरणको आधारमा कर्मचारीसँग कार्यसम्पादन सम्झौता गर्ने, त्यसको स्वतन्त्र मूल्याङ्कन गर्ने र सोको आधारमा कर्मचारीको मूल्याङ्कन गर्ने व्यवस्था राख्ने ।
- निजामती कर्मचारीको दायित्व र कर्तव्य उल्लेख गरी कार्यसम्पादन मूल्याङ्कनसँग आवद्ध गर्ने ।
- कार्यविवरणलाई अनिवार्य गरी यसको तयारी तथा स्वीकृति नगर्नेलाई विभागीय कारवाही गर्ने व्यवस्था राख्ने।

८. भौगोलिक क्षेत्रको विभाजन

- भौगोलिक क्षेत्र वापतको अङ्क दिँदा हालको जिल्लाको व्यवस्था हटाई पालिकाको आधारमा वर्गीकरण गरी कायम गर्ने साथै भौगोलिक क्षेत्र वापतको अंक २० पुर्याउने र भौगोलिक क्षेत्रको अंक निम्नानुसार हुने ।

  "क" वर्गमा काम गरे वाफत अंक ४ ।

  "ख" वर्गमा काम गरे वाफत अंक ३ ।

  "ग" वर्गमा काम गरे वाफत अंक २ ।

  "घ" वर्गमा काम गरे वाफत अंक १ ।

९. सामाजिक सुरक्षा

- कर्मचारीलाई सहुलियत ब्याजदर (1-2 प्रतिशत)मा घर सापटी, सवारी सापटी र सामाजिक कार्य सापटी दिने प्रावधान ऐनमा नै राख्ने र कार्यालयले सवारी साधन किन्ने व्यवस्था हटाउँदै जाने।

Scanned with CamScanner

- स्थायी कर्मचारीलाई परिचय पत्रकै आधारमा 10 वर्षको तलव बराबरको रकम भैपरी सापटी/कर्जा विना धितो सहुलियत दरमा उपलब्ध गराउने व्यवस्था गर्ने ।
- असाध्य रोगको परिभाषाको दायरा स्वास्थ्य मन्त्रालयले परिभाषित गरे बमोजिम क्यान्सर, मुटु, मृगौला, हेड इन्जुरी, पार्किन्सन, स्पाइनल इन्जुरी, सिक्लसेल इनिमिया र हेमोडालासिस जस्ता रोगलाई समेट्नु पर्ने।
- कुनै कर्मचारी कुल धर्म अनुसार किरिया बिदा बस्नु परेमा किरिया विदासँगै किरिया खर्च बाफत रु. १ लाख दिने व्यवस्था राख्नु पर्ने ।
- निजामती अस्पतालको सेवा सुविधा तीनै तहमा कार्यरत कर्मचारीले पाउनु पर्ने ब्यवस्था गर्ने।
- निजामती कर्मचारी बढीमा २ सन्ततीको लागि स्नातक तहसम्मको अध्ययनको लागि सन्तती छात्रवृत्ति पाउने ब्यवस्था कायम गर्नुपर्ने ।
- निजामती कर्मचारीलाई हरेक बर्ष १ महिनाको तलव बराबरको रकम सहित १५ दिन पर्यटन विदाको ब्यबस्था गर्नुपर्ने ।
- अविवाहित कर्मचारीलाई विवाह अघि वा पछि 15 दिन विवाह विदा प्रदान गर्ने ।
- महिला कर्मचारीलाई मासिक श्राव हुँदाको वखत ३ दिन श्राव विदा प्रदान गर्ने ।
- कुनै निजामती कर्मचारी सरकारी काम काजको सिलसिलामा मृत्यु भएमा त्यस्तो कर्मचारीको परिवारलाई एकमुष्ट रु. 20 लाख दिने र निवृत्तिभरण पाउने गरी नियुक्ती भएको कर्मचारी निवृत्तिभरण पाउने अवधि नपुग्दै मृत्यु भएमा निवृत्तिभरण हुन जति अवधि बाँकि छ सो अवधि थप गरी निजको परिवारलाई आजिवन निवृतिभरण प्रदान गर्ने ।
- प्रदेश र स्थानिय तहमा कार्यरत कर्मचारीको आधारभूत तलवमान संघीय सरकारको कर्मचारी सरह हुनेछ भन्ने व्यवस्था ऐनमा राख्ने ।
- कर्मचारीको १८० दिन भन्दा बढीको घर विदा संचित हुन पाउने ब्यवस्था गर्ने वा १८० दिन भन्दा वढी संचित घर विदाको रकम सोहि आर्थिक वर्षको अन्त्यमा भुक्तानी हुने ब्यवस्था गर्ने ।
- कर्मचारीका सन्ततिहरुलाई अध्ययनको लागि एक मेडिकल कजेल स्थापना गर्ने कामको थालनी गर्ने ।

१०. <u>उपदान/निवृत्तिभरण</u>

- निजामती कर्मचारी ५ बर्षदेखि १० वर्षसम्म काम गरे वापत १ महिनाको तलव,१० बर्षदेखि १५ बर्षसम्म काम गरे वापत २ महिनाको तलव र १५ बर्ष भन्दा बढी २० वर्षभन्दा कम अवधि काम गरे वापत ३ महिनाको तलव बराबरको उपदान उपलब्ध गराउने ब्यवस्था गर्नुपर्ने ।
- निवृत्तिभरण गणना गर्दा खाइपाई आएको तलवको गुणन सेवा अवधि भागा ४० कायम गर्ने।
- सेवानिवृत्त कर्मचारीको मृत्यु भएमा निजको पति वा पत्निलाई दिइदै आएको पारिवारिक निवृत्तिभरण वापतको रकम आजिवन रुपमा पुरै दिने व्यवस्था गर्ने ।
- निवृत्तिभरण पाउने गरी नियुक्त भएको कर्मचारी कुनै कारणवाट अनिवार्य अवकाश भएमा त्यस्तो कर्मचारीको जति अवधि बाँकी हुन्छ सो अवधि थप गरी निवृत्तिभरण प्रदान गर्ने ।
- निवृतिभरण पाउने गरी नियुक्त भएका कर्मचारी कुनै कारणवाट अवकाश भएमा अवकाश हुने उमेर पूरा भएपछि मात्र त्यस्तो कर्मचारीले निवृतिभरण पाउने ब्यवस्था गर्ने ।
- कुनै निजामती सेवाको पदवाट राजिनामा दिई पुन सेवामा प्रवेश गरेका कर्मचारीहरुलाई भुक्तानी लिएको उपदानको रकम दाखिला गरी एक पटकलाई सेवा अवधि जोड्न सक्ने व्यवस्था गर्ने ।
- संघीय कानुन बमोजिम विभन्न सेवाबाट समायोजन भएका सम्पूर्ण कर्मचारीलाई निवृत्तिभरण,उपदान लगायतका सेवा सुविधा संघीय सरकारले ब्यहोर्ने ब्यवस्था गर्ने ।

११. <u>औषधी उपचार</u>

Scanned with CamScanner

- राजपत्रांकित तृतीय श्रेणी वा सो भन्दा माथिका कर्मचारीको लागि २० महिना, राजपत्र अनंकित प्रथम श्रेणी वा सो सरहको कर्मचारीको हकमा २५ महिना र राजपत्र अनंकित द्वितिय वा सो भन्दा मुनीको कर्मचारीको हकमा ३० महिना बराबरको रकम औषधि उपचार खर्च उपलब्ध गराउने ।

१२. <u>तालिम</u>

- निजामती कर्मचारीलाई सेवा प्रवेशसंगै सबै पदमा अनिवार्य सेवा प्रवेश तालिमको व्यवस्था गर्ने ।
- तालिमको अङ्क दिने व्यवस्था हटाउने तर तालिम अनिवार्य गर्ने ।
- ३० कार्यदिनको एकैपटक लामो समयावधिको तालिमले सेवा प्रवाहमा असर पनि पर्न सक्ने भएकोले एउटै श्रेणी/तहमा पटक पटक तालिम लिएको भएपनि ३० कार्य दिन पुऱ्याएमा बढुवा गणना गर्ने व्यवस्था राख्न व्यावहारिक हुने ।
- प्रत्येक वर्ष सबै पदका कर्मचारीलाई कम्तिमा १ हप्ताको रिफ्रेसमेन्ट तालिम ऐनमा अनिवार्य व्यवस्था कायम गर्ने।

१३. <u>सरुवा</u>

- सरुवा स्वचालित, चक्रिय, वैज्ञानिक र पूर्व अनुमानयोग्य हुनुपर्ने ।
- पति/पत्नी दुवै निजामती सेवामा रहेको भए दुवैलाई पाएक पर्ने गरी सरुवा व्यवस्थान गर्नुपर्ने ।
- कार्य सम्पादनका सम्झौता अवधिभर सरुवा गर्न नपाउने व्यवस्था गर्नुपर्ने ।
- प्रदेश लोक सेवा आयोगको विज्ञापनवाट सिफारिस भई प्रदेश र स्थानीय तहमा नियुक्त र संघीय कानून वमोजिम प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीलाई प्रदेशका कार्यालय र स्थानीय तहमा सरुवा गर्दा प्रदेशको प्रमुख सचिवले र अन्तर प्रदेश सरुवा दुवै प्रदेशको सहमतिमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गर्न सक्ने व्यवस्था कायम गर्नुपर्ने ।
- संघीय कानून वमोजिम प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीलाई ज्येष्ठताका आधारमा निश्चित प्रतिशत छुट्याई संघमा सरुवा हुन पाउने व्यवस्था राख्ने ।

१४. <u>कल्याण कोष</u>

- निजामती कर्मचारी र निजको सन्ततीको हितको लागि एक कर्मचारी कल्याण कोषको व्यवस्था गर्नुपर्ने।

१५. <u>प्रतिनिधित्व</u>

- निजामती अस्पताल, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, योगदानमा आधारित निवृत्तिभरण कोष लगायतका कर्मचारीहरुको योगदान हुने र सरोकारित संस्थाहरुमा आधिकारिक ट्रेड युनियनको प्रतिनिधित्वको सुनिश्चित गर्ने ।
- विभिन्न खालका प्रशासन सुधार समितिहरु, तलव भत्ता पुनरावलोकन समिति, कर्मचारीको तालिम अध्ययन भ्रमणको मनोनयन समिति, कर्मचारीहरुका लागि थप आर्थिक सहायता सिफारिस समिति लगायतका समितिहरुमा आधिकारिक ट्रेड युनियनको प्रतिनिधित्व अनिवार्य गर्ने ।

१६. <u>प्रदेशको प्रमुख सचिव, प्रदेश सचिव र प्रमुख प्रशासकीय अधिकृत</u>

- प्रदेशको प्रमुख सचिव र प्रदेश सचिव संघीय निजामती सेवाको पद हुनेछ ।त्यस्तो पदमा राजपत्राङ्कित विशिष्ट श्रेणीको पदाधिकारीलाई कनिष्टताको आधारमा प्रदेशको प्रमुख सचिव र राजपत्रांङ्कित प्रथम श्रेणीको पदाधिकारीलाई जेष्ठताका आधारमा कम्तीमा १ वर्षको लागि प्रदेश सचिवमा खटाउने व्यवस्था गर्ने ।
- महानगर, उपमहानगर, नगरपालिका र गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत संघीय निजामती सेवाको कर्मचारी खटाउने व्यवस्था गर्ने। त्यस्तो पदमा ज्येष्ठता र कार्य क्षमताको आधारमा तोकिए वमोजिमको पदको कर्मचारी खटाउने व्यवस्था कायम गरी एकमुष्ट रुपमा मुख्यमन्त्री तथा

Scanned with CamScanner

मन्त्रीपरिषद्को कार्यालयमा खटाउने र सम्बन्धित मुख्यमन्त्री कार्यालयले स्थानिय तहमा खटाउने व्यवस्था गर्ने । यो व्यवस्था यो ऐन लागु भए पश्चात सक्रमणकालीन व्यवस्थाकोलागी प्रदेश र स्थानीय तहको जनशक्ति विकास नभएसम्म ५ वर्षका लागि कायम गर्ने ।

१७. आरक्षण

- निजामती सेवाको कुनै पनि पदमा एक व्यक्तिलाई एक पटक मात्र आरक्षणको व्यवस्था गर्नुपर्ने। यो व्यवस्था यो ऐन लागू भएपछि मात्र लागू हुने ।

१८. ट्रेड युनियन अधिकार

- जहाँ सरकार त्यहाँ ट्रेड युनियन भन्ने मान्यता लाई स्थापित गर्न संघ, प्रदेश र स्थानिय तहको अन्तर सम्बन्ध कायम रहने गरी सवै कर्मचारीहरुलाई राष्ट्रियस्तरका ट्रेड युनियन र आधिकारिक ट्रेड युनियनको गठन गरी सदस्यता लिन पाउने व्यवस्था गर्ने ।
- कार्यालय प्रमुख वाहेक राजपत्रांकित तृतीय श्रेणी/आठौं तह वा सो सरहसम्मका कर्मचारीलाई राष्ट्रियस्तरका ट्रेड युनियन र आधिकारिक ट्रेड युनियनको सदस्यता लिन पाउने व्यवस्था गर्ने ।
- यो ऐन लागू हुदाका बखत कायम रहेका राष्ट्रियस्तरका ट्रेड युनियनहरु पुन दर्ता हुन नपर्ने व्यवस्था गर्ने।

१९. सेवाको सुरक्षा

- कुनै पनी निजामती कर्मचारीलाई निजको नियुक्ती हुदाँ तत्काल रहेको तलव, उपदान, निवृत्तिभरण सेवा लगायतका सेवा सुविधा सम्वन्धी शर्तहरुमा निजको स्वीकृति वेगर निजलाई प्रतिकुल असर पर्ने गरी परिवर्तन गरिने छैन ।पछि हुने संशोधनले त्यस्तो संशोधन हुनु अगावै वहाल रहेको कुनै निजामती कर्मचारीको उपर्युक्त सेवाका शर्तहरुमा कुनै प्रकारले प्रतिकुल असर पर्ने भएमा त्यस्तो सम्शोधित व्यवस्था वमोजिम गर्न मन्जुर गरेको लिखित स्वीकृति नभई त्यस्तो व्यवस्था निजको हकमा लागु हुने छैन भन्ने व्यवस्था गर्ने ।

२०.नागरिक सेवा

- सेवा प्रवाहको प्रक्रियामा सेवाग्राहीलाई समेत सेवा प्रवाहमा मूल्याडकन गर्ने व्यवस्था राखी सम्वन्धित कर्मचारीको मूल्याडकन सुचक बनाउने ।
- "शीघ्र सेवा - तीव्र विकास"को जनचाहाना पूरा गर्न समयमा काम नगर्ने, कामलाई अनावश्यक रुपमा पन्छाउने परिपाटीलाई निरुत्साहित गर्न, क्षतिपूर्ति सहितको नागरिक सेवा प्रवाहको व्यवस्था कडाईकासाथ कार्यान्वयन गर्ने ।
- नेपाल सरकारवाट जारी भएका नागरिक वडापत्रलाई सेवाग्राहिमैत्री बनाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न पहिले आउने सेवाग्रहिलाइ पहिलो प्राथमिकतामा राखी प्राथमिकतामा राखे ।
- सरकारले लिएको समृद्ध नेपाल सुखी नेपालीको लक्ष्य हासिल गर्न नेपाल सरकारको महत्वपूर्ण सहयात्रीको रुपमा क्रियाशिलता रहने ।

२१. विविध

- संघीय निजामति सेवा ऐन प्रदेश र स्थानिय सेवा ऐनको मार्गनिर्देशक ऐन हुनेछ । समायोजन ऐन २०७५ वमोजिम प्रदेश र स्थानिय तहमा समायोजन भएका कर्मचारीहरुको हकमा सो तहको कानून निर्माण गर्दा समायोजन हुदाका वखत संघ, प्रदेश र स्थानीय तहमा समायोजित हुने कर्मचारीहरु विच गरिएको तहगत तुलनाको प्रतिकुल नहुने गरि सम्वन्धित व्यवस्था गर्नु पर्ने छ ।
- प्रतिस्पर्धात्मक परीक्षाको माध्यमवाट संघको कर्मचारी समेत प्रदेश र स्थानीय तहमा जान पाउने प्रावधान राखे । साथै समायोजन भएर गएका कर्मचारीलाई स्थानीय र प्रदेशवाट संघमा समेत आउन सक्ने व्यवस्था गर्ने र त्यस्तो कर्मचारीको हकमा उमेरको हद नलाग्ने ।

Scanned with CamScanner

- वृत्ति विकास र क्षमता विकासका अवसरहरुमा प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीले समेत समान अवसर पाउने व्यवस्था राखे ।
- व्यवस्थापन परीक्षणलाई सवै निकायमा अनिवार्य गर्ने ।
- नेतृत्व परीक्षणको व्यवस्थालाई अनिवार्य गर्ने ।
- कुनै पनि कर्मचारी सेवावाट निवृत्त हुँदा निजले पाउने रकममा कर नलाग्ने व्यवस्था हुनुपर्ने ।
- कर्मचारीले सञ्चालन गरेका सहकारीको सदस्य बन्न र प्रतिनिधित्व गर्न पाउने व्यवस्थाको सुनिश्चितता गर्नुपर्ने।
- कर्मचारीको सञ्चय कोष सम्वन्धित कर्मचारी वाट २० प्रतिशत कट्टा गरी सो रकममा सरकारले सत प्रतिशत थप गर्ने व्यवस्था गर्नुपर्ने ।
- जोखिमयुक्त काममा र फिल्डमा कार्यरत कर्मचारीलाई जोखिम भत्ता र फिल्ड भत्ता उपलब्ध गराउने साथै त्यस्तो काममा कार्यरत कर्मचारीको सेवाको सुरक्षाको प्रत्याभूति गर्ने व्यवस्था कायम गर्ने ।
- कुनै कारणवाट कर्मचारी निलम्वन भई पछि सफाई पाउँदा निजले पाउने तलव भत्ता लगायतको सुविधामा प्रत्येक वर्षको आयलाई आय वर्ष मानी कर गणना गर्ने ।
- सेवामा रहेका र निवृत्त भएका कर्मचारीहरुको लागि प्रत्येक प्रदेशमा हेल्थ क्लव र विज्ञहरुको अध्ययन अनुसन्धान केन्द्र स्थापना गर्ने ।
- निवृत्त कर्मचारीहरुलाई यातायात सुविधामा ५० प्रतिशत छुटको व्यवस्था गर्ने ।
- समाजशास्त्री, वातावरणविद, भूगोलशास्त्री, कम्प्युटर अधिकृत, पुस्तकालय अधिकृत, ए.ओ., आ.वा. अप्रेटर र टेलिफोन अप्रेटर जस्ता माथिल्लो पद नभएका पदहरुमा १० वर्ष सेवा अवधि पूरा भएमा माथिल्लो पदमा स्वत वढुवा गर्ने र तल्लो पद स्वत खारेज हुने व्यवस्था गर्ने।
- कुनै पनि कर्मचारी सेवा प्रवेशपछि सो सेवाको लागि चाहिने शैक्षिक योग्यता आवश्यक भएमा त्यस्तो कर्मचारीलाई अध्ययनको लागि तलवी विदाको व्यवस्था सरकारले गर्नुपर्ने ।
- सरकारी सेवामा सूचना प्रविधिको समयसापेक्ष प्रयोग, विकास र सुरक्षाका साथै सेवा विशिष्ठिकरणको लागि निजामती सेवामा छुट्टै सूचना प्रविधि सेवाको व्यवस्था गर्नुपर्ने ।
- ३० वर्ष सेवा अवधि पूरा भएको र ५० वर्ष उमेर पूरा भएका कर्मचारीको लागि स्वैच्छिक अवकाशको व्यवस्थालाई ऐनमा व्यवस्था गर्नुपर्ने ।
- सेवा निवृत्त कर्मचारीलाई निशुल्क स्वास्थ्य उपचार प्रदान गर्ने व्यवस्था गर्ने ।
- सवारी साधन सुविधा नपाउने कर्मचारीका लागि पारवहन खर्चको व्यवस्था गर्नुपर्ने ।
- कर्मचारी समायोजन ऐन, २०७५ वमोजिम सवै सेवाका कर्मचारीहरुको समायोजन भएका त्रुटीहरु सच्याउने गरी संघीय निजामती सेवा ऐनमा व्यवस्थापन हुनुपर्ने ।
- संघीय कानून वमोजिम प्रदेश र स्थानीय तहमा समायोजन भएका निजामती कर्मचारी र अन्य सेवाका कर्मचारीहरु वीच समान तहमा ग्रेड संख्यामा एकरुपता कायम हुनुपर्ने ।
- संघीय कानून वमोजिम प्रदेश र स्थानीय तहमा समायोजन भएका स्वास्थ्य सेवाका कर्मचारीहरु तह वृद्धि हुँदा तल्लो तहमा खाईपाई आएको थप २ ग्रेडको हिसाव गरी माथिल्लो तहको तलवमान कायम गर्नुपर्ने।
- सवै सेवामा कार्यरत प्राविधिक कर्मचारीलाई थप २ ग्रेडको व्यवस्था गर्नुपर्ने ।

Scanned with CamScanner

| | |
|---|---|
| ...........<br>...प वहादुर शाही<br>अध्यक्ष<br>नेपाल निजामती कर्मचारी संगठन<br>जिल्ला कार्यसमिति हुम्ला | ...........<br>विशाल बोहरा<br>अध्यक्ष<br>नेपाल निजामती कर्मचारी युनियन<br>जिल्ला कार्यसमिति हुम्ला |
| ...........<br>डवले बहादुर रावत<br>अध्यक्ष<br>नेपाल राष्ट्रिय कर्मचारी संगठन (निजामती)<br>जिल्ला कार्यसमिति हुम्ला | ...........<br>...सिंह नेपाली<br>सचिव<br>एकीकृत सरकारी कर्मचारी संगठन, नेपाल<br>जिल्ला कार्यसमिति हुम्ला |

Scanned with CamScanner